# कृषि सामग्री कम्पनी लिमिटेडको "विक्रेता व्यवस्था कार्यविधि २०६९"

**उद्देश्य :**

यस कंम्पनी वाट विक्री वितरण हुने कृषि सामग्रीहरु विक्री वितरण गर्न नेपाल सरकारको निती अनुरुप सहकारी संस्था मार्फत सेवा पुऱ्याउनु पर्ने भएकोले साविकको वितरण प्रणालीलाई अझ वढी व्यवस्थित र प्रभावकारी वनाई कृषकहरुलाई कृषि सामग्री सरल र सुलभ ढंगले उपलव्ध गराउने अभिप्रायले यो "विक्रेता व्यवस्था कार्यविधि २०६९ "लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो कार्यविधिको नाम "विक्रेता व्यवस्था कार्यविधि २०६९ " रहेको छ ।

१.२ यो कार्यविधि मिति २०६९।१।१७ देखि लागु हुनेछ ।

१.३ यो कार्यविधि कृषि सामग्री कम्पनीवाट कृषि सामग्री विक्री वितरण गर्ने सम्वन्धमा लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

२.१ "कम्पनी " भन्नाले कृषि सामग्री कम्पनीका सम्पूर्ण कार्यालयहरुलाई सम्झनु पर्दछ ।

२.२ "विक्रेता " भन्नाले कृषि सामग्री विक्रीवितरण गर्न कम्पनीबाट मुकरर गरिएको सहकारी विक्रेतालाई सम्झनु पर्दछ ।

२.३ "कार्यविधि " भन्नाले यसै कार्यविधिलाई सम्झनु पर्दछ ।

२.४ "सहकारी संस्था " भन्नाले प्रचलित कानून वमोजिम मुलुकभर सहकारीताको आधारमा गठन भई सहकारी डिभिजन कार्यालय अर्न्तगत दर्ता भएका सहकारी संघ/संस्था एवं पसलहरुलाई सम्झनु पर्दछ ।

२.५ "अनुसूची" भन्नाले यसै कार्यविधिका अनुसूचीहरुलाई सम्झनु पर्दछ ।

२.६ "आर्थिक वर्ष (आ.व.) " भन्नाले श्रावण १ गते देखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

२.७ "कृषि सामग्री" भन्नाले कम्पनीका कार्यालयहरुले कारोवार गर्ने सवै प्रकारका मलहरुलाई सम्झनु पर्दछ ।

३. **विक्रेता मुकरर हुनको लागि आवेदन** :

कम्पनीको विक्रेता वनी कम्पनीवाट कृषिसामग्रीहरु खरीद गरी सर्वसाधारण कृषकलाई विक्री वितरण गर्न चाहनेले अनुसूची १ मा उल्लेख भएको ढांचा वमोजिम सहकारीमा दर्ता भई कम्पनीको सम्वन्धित कार्यालयमा आवेदन दिनु पर्नेछ । आवेदकहरु सवैलाई विक्रेता मुकरर गर्न कम्पनी वाध्य हुने छैन ।

४. **विक्रेता वन्नको लागि आवश्यक न्यूनतम योग्यता** :

४.१ कम्पनीलाई तिर्नु पर्ने रकम वांकी नभएको हुनु पर्ने ।

४.२ सहकारी संस्था संचालक समिति वाट कृषि सामग्री कम्पनिको बिक्रेता बन्ने निर्णयको प्रतिलिपि संलग्न हुनु पर्ने,

४.३ जिल्ला कृषि विकास कार्यालयवाट रासायनिक मलविक्रेताको सूचिमा दर्ता भै प्रमाण पत्र पाएको हुनु पर्ने ।

४.४ घटिमा २ (दुई) आ.व.कार्य पुरा गरेका सहकारी संस्था हरुलाई मात्र जिल्ला कृषि विकाश कार्यालयको सिफारीसको आधारमा विकेता प्रमाण पत्र उपलव्ध गराउन सकिने ।

४.५ उपदफा ४.४ वमोजिमको शर्त पुरा नगरेको भएतापनी गा.वि.स. क्षेत्रमा कुनैपनि सहकारी संस्था हरुको उपस्थिति नभएमा “मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति” को सिफारीसमा विकेता नियुक्ति गर्न सकिने ।

४.६ कृषि सामग्री विकी वितरण गर्न आवश्यक साधन हरु (विकी कक्ष,न्युनतम १०० के.जी.सम्म तौल क्षमता भएको ढक तराजु) भएको ।

५. **धरौटी** :

कम्पनीको विक्रेता बनी कृषि सामग्री वेच विखन गर्न चाहने सहकारी संस्थाहरुले निम्न वर्गको जिल्लाका लागि तपसिल अनुसारको रकम धरौटी स्वरुप कंम्पनीको खातामा जम्मा गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । विकेता प्रमाण पत्र लिई सकेका सहकारी संस्थाहरुले समेत तपशिल वमोजिमको थप धरौटि रकम राख्नु पर्ने छ ।

**तपसील**

“क” वर्गको जिल्लाको लागि १२,०००।-

“ख” वर्गको जिल्लाको लागि ७,०००।-

“ग” वर्गको जिल्लाको लागि ५,०००।-

## ६. विक्रेता सम्वन्धमा कम्पनीको अधिकार :

६.१ विक्रेता को लागि प्राप्त आवेदन छानविन गरी विक्रेता मुकरर गर्ने वा नगर्ने ।

६.२ कम्पनीवाट विक्री हुने कृषि सामग्रीहरुको विक्री परिमाणमा कम्पनीवाट दिइने विक्रेता कमिशन दर तोक्ने ।

६.३ विक्रेताहरुको विक्री कक्ष, भण्डार एवं खातापाता आदि निरीक्षण गर्ने ।

६.४ खातापाता निरिक्षण गर्दा कुनै पनि कैफियत देखिएमा सो निराकरण गर्न निर्देशन दिने ।

६.५ यो कार्यविधि अनुसार विक्रेता निलम्वन वा खारेज गर्ने र निलम्वित विक्रेताहरुलाई निलम्वन अवधिभर विक्रेताले पाउने सुविधा उपलव्ध नगराउने ।

६.६ विक्रेताको नविकरण सम्वन्धि आवश्यक कार्वाही गरि उपयुक्त देखिएको विक्रेताको विक्रेता प्रमाण पत्र नविकरण गर्ने र नविकरण नभएका विक्रेता स्वतःनिस्कृय हुने हुदा त्यस्ता विक्रेता सँग कारोवार नगर्ने ।

## ७. विक्रेताको जिम्मेवारी दायित्व तथा कर्तव्य :

कम्पनीवाट विक्रेता प्राप्त गर्ने विक्रेताहरुको कम्पनी प्रति जिम्मेवारी , दायित्व तथा कर्तव्य निम्न अनुसार हुनेछ ।

७.१ अनुसूची २ वमोजिमको ढांचामा साइनवोर्ड एवं मूल्य सूची सवैले देख्नेगरी आफ्नो विक्रीकक्ष राख्नु पर्नेछ ।

७.२ विक्रेताले रासायनिक मल खरीद तथा विक्री गर्दा यथासम्भव पौष्टिकतत्व मात्रा मिलाई प्रति कृषक प्रति वर्ष तराईमा ४ (चार) हेक्टर र पहाडमा १५ (पन्ध्र) रोपनी जग्गा भएका लाई प्राविधिक दृष्टीकोण वाट आवश्यक पर्ने तिन वालीका लागी मात्र विक्री वितरण गर्नुपर्ने छ ।

७.३ विक्रेताहरुले विक्रेता वनेको कार्यालय वा उक्त कार्यालयवाट तोकिएको अन्य कार्यालयवाट मात्र कृषि सामग्री खरीद गरी विक्री वितरण गर्नसक्नेछ ।

७.४ विक्रेताले प्रमाणपत्रमा तोकिएको स्थानमा मात्र कृषि सामग्रीहरु विक्री वितरण गर्नु पर्नेछ । प्रमाण पत्र प्राप्त भएको विक्रेताले यस कार्यविधिमा उल्लेख भए अनुसार विक्रेता सरहको रीत पुऱ्याई विवरण पेश गरी कम्पनीको पूर्व स्वीकृति लिई आफ्नो कार्यक्षेत्र वढाउन वा हेरफेर गर्न सक्नेछ ।

७.५ विक्रेताले आफ्नो विक्रीस्थल सम्म लाग्ने ढुवानी भाडा वापत सम्वन्धित नगरपालिका/गा.वि.स. एवं "मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति" ले निर्धारण गरे अनुसारको रकम र अन्य खर्च जोडि कृषि सामग्रीहरुको विक्री मूल्य कायम गर्नु पर्नेछ ।

७.६ विक्रेताले कृषि सामग्री विक्री गर्दा अनिवार्य रुपमा अनुसूची ३ वमोजिमको विक्री विल वनाई विक्री गर्नु पर्नेछ ।

७.७ विकेताले कृषिसामग्री खरिद गरी डेलिभरि लिंदा सोको गुणस्तर तथा तौल एकिन गरी मात्र डेलिभरि लिनु पर्ने छ ।

७.८ डेलिभरि लिई सकेका कृषिसामग्रीहरुको तौल तथा गुणस्तर कायम राखी कृषकहरुलाई विकी गर्ने दायित्व विकेताको हुनेछ र यस सम्वन्धमा कुनै गुनासो वा उजुरी आएमा सो को जवाफदेहि विकेताको हुनेछ ।

७.९ विक्रेताले कृषि सामग्रीहरुको खरीद एवं मौज्दात तथा विक्री जनिने गरी अनुसूची ४ वमोजिमको ढांचामा अनिवार्य रुपमा स्टक खाता राख्नु पर्नेछ ।

७.१० विक्रेताले कम्पनी तथा “मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति” वाट खटि आउने कर्मचारी हरुलाई आफनो विक्री कक्ष, भण्डारण तथा खातापाता विना अवरोध निरिक्षण गर्न दिनु पर्नेछ । यसरी खातापाता निरिक्षण गर्दा देखिएको कैफियत सम्वन्धमा निरिक्षकले दिएको निर्देशन पालना गर्नु विक्रेताको कर्तव्य हुनेछ ।

७.११ विक्रेताहरुले रासायनिक मल खरिद गर्नु पर्ने परिमाणमा मौज्दातको स्थिति हेरी कंम्पनी तथा “जिल्ला स्तरीय मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति”को निर्णय वमोजिम थपघट गर्न सकिने छ ।

७.१२ विक्रेताले विक्री वितरण गर्ने कृषि सामग्रीहरु खरीद गर्न कम्पनीमा आफै आउनु पर्नेछ । काम विशेषले आउन नसक्ने भएमा दस्तखत प्रमाणित गरी प्रतिनिधिको रुपमा अरुलाई पठाउन सक्ने छ ।

७.१३ विकेताले कृषि सामग्री खरीद गर्न आउदा पहिले खरिद गरेको कृषि सामग्रीको विकी विवरण (कृषक हरुको नाम,परिमाण र मूल्य सहितको विवरण) पेश गर्नु पर्ने छ ।

७.१४ विक्रेताले कृषि सामग्री खरीद गर्न आउंदा खरीद गरिने कृषि सामग्रीको मूल्य वापतको रकम कम्पनीको सम्वन्धित वैंकमा जम्मा गरी सो को सक्कल भौचर पेश गरी विल कटाउनु पर्नेछ । कम्पनिले नगदमा विल काट्न बाध्य हुने छैन ।

७.१५ विक्रेताले यो कार्यविधि कम्पनीले समय समयमा दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

७.१६ विकेताले आफुले खरिद गरेको कृषि सामग्रीहरु आफनो विकी कक्षवाट मात्र विकी गर्नु पर्ने छ र सो देखि वाहेक अन्यत्र वाट विकी भएको प्रमाणित भएमा विकेता खारेज गरी नेपाल सकारको प्रचलित कानून वमोजिम कारवाही चलाईने छ ।

८. **विक्रेता प्रमाणपत्र :**

८.१ यो कार्यविधिको दफा ३ अनुसारका आवेदकलाई विक्रेता वनाउने निर्णय भएमा आवश्यक धरौटी र लाग्ने शुल्क प्राप्त भए पछि अनुसूची ५ वमोजिमको विक्रेता प्रमाणपत्र र विक्रेता व्यवस्था कार्यविधि कम्पनीवाट उपलव्ध गराइनेछ।

८.२ विक्रेता वन्न चाहने आवेदकले विक्रेता व्यवस्था शुल्क वापत रु.५००।-(रुपैया पाच सय)फिर्ता नहुने गरि कंम्पनीमा वुझाउनु पर्नेछ।

८.३ विक्रेता प्रमाणपत्र हराई वा च्यातिई/विग्री प्रतिलिपी उपलव्ध गराउनु परेमा प्रतिलिपि शुल्क वापत रु.५,००।- (रु. पाच सय) लिई कंम्पनीले उपलव्ध गरानेछ।

९. **विक्रेताको खारेजी :**

कम्पनीवाट प्रदान गरिएको विक्रेता प्रमाणपत्र निम्न अवस्थामा निलम्वन वा खारेज गर्न सकिनेछ।

९.१ झुठ्ठा विवरण पेश गरेमा।

९.२ अनैतिक वा अनियमित कार्य गरेमा वा यस कार्यविधिको कुनै दफा उल्लघंन गरेमा।

९.३ बिक्रेताले आफ्नो कार्यक्षेत्र वाहिर गै कारोवार गरेको देखिएमा।

९.४ नियम ७ बमोजिम विक्रेताले आफनो जिम्मेवारी र दायित्व पुरा नगरेमा।

९.५ विक्रेताले कारोवार संचालन गर्न लिखित असमर्थता जनाई विक्रेता खारेज गर्न अनुरोध गरेमा।

९.६ नियम ७ बमोजिम विक्रेताले जिम्मेवारी र दायित्व पुरा नगरी कारवाही स्वरुप बिक्रेता खारेजभएको अवस्थामा बिक्रेताले यस कंम्पनिमा राखेको धरौटी रकम जफत हुने छ।

१०. **विक्रेता नविकरण :**

१०.१ प्रत्येक वर्षको आश्विन मसान्त भित्रमा विक्रेता प्रमाणपत्र नविकरण गरिसक्नु पर्नेछ। नविकरण नभएका विक्रेता स्वतः निष्क्रिय भएको मानिने छ। नविकरणको लागि तपसिलको कागजात अनिवार्य रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ :

(क) स्थाई लेखा नंम्बर प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि।

(ख) नविकरण हुने आ.ब.भन्दा अघिल्लो आर्थिक बर्ष सम्मको आय-व्यय र बासलातको प्रमाणित प्रतिलिपी।

(ग) नविकरण दस्तुर वापत रु. ५,००।- तिरेको कंम्पनीको नगदी रसिद ।

(ध) जिल्ला कृषि विकाश कार्यालय वाट प्राप्त गरेको मलखाद विक्री ईजाजत प्रमाण पत्रको नविकरण गरेको प्रतिलिपी ।

**११ .विक्री मूल्य तथा कमिशन :**

कम्पनीवाट विक्री वितरण हुने कृषि सामग्रीहरुको विक्री मूल्य तथा विक्रेता कमिशन दर कम्पनीले समय समयमा निर्धारण गरे अनुसार हुनेछ ।

**१२. विकी भएको कृषि सामग्री फिर्ता नहुनेः**

१२.१ कम्पनीवाट विक्री भएको कृषि सामग्री फिर्ता हुनेछैन ।

**१३. धरौटी फिर्ता हुने :**

कुनै पनि कारणले कम्पनीको विक्रेता नरहेमा निजसंग कम्पनीको कुनै रकम लिनु पर्ने भए सो कट्टा गरी प्रचलित कानून वमोजिम सम्वन्धित निकायवाट जफत वा रोक्का गरिएको अवस्थामा वाहेक धरौटी फिर्ता गरिने छ । धरौटी रकम फिर्ता माग गर्नु परेमा यस कम्पनिबाट धरौटी राखेको नगदी रसिद पेश गर्नु पर्ने छ ।

**१४. संशोधन :**

कम्पनीले आवश्यकता अनुसार यस कार्यविधिको कुनै वा सवै दफा तथा अनुसूचीहरु संशोधन वा खारेज गर्न सक्नेछ ।

**१५ व्याख्या गर्ने अधिकार :**

यस कार्यविधिको व्याख्या गर्ने अधिकार कम्पनीको संचालक समितिलाई हुनेछ ।

**१६. विविध :**

१६.१ विक्रेता प्रमाण पत्र लिन चाहने सहकारी संस्थाले अनुसूची ७ वमोजिमको कवुलियतनामा गर्नु पर्नेछ ।

१६.२ एक पटक खारेजीमा परेको विक्रेतालाई स्वेच्छाले खारेज गराएकोमा वाहेक पुनः विक्रेता मुकरर गरिने छैन ।

१६.३ कृषि सामग्री विक्री वितरणमा निपुर्णता ल्याउन र कृषि सामग्री सम्वन्धी साधारण जानकारी गराउन कम्पनीले समय समयमा विक्रेतालाई सशुल्क वा निःशुल्क तालिम उपलव्ध गराउन सक्ने छ । त्यस प्रकारको तालिममा विक्रेताहरुले अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

१७. <u>अन्य व्यवस्था</u> :

यस कार्यविधिमा लेखिए देखि वाहेकका अन्य व्यवस्थाहरु कम्पनीको प्रधान कार्यालयले निर्णय गरे वमोजिम हुनेछ । यस अघि कायम रहेको'विक्रेता कार्यविधि २०५८' खारेज गरिएको छ । सो कार्यविधिको अधिनमा रही भए गरेका काम हरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

**अनुसूची १**
**(दफा ३ संग सम्वन्धित)**

श्री कृषि सामग्री कम्पनी लिमिटेड,
…………… कार्यालय, ………………… ।

विषय : विक्रेता कायम गरी पाउं ।

त्यस कम्पनीको विक्रेता वनी कम्पनीवाट विक्री वितरण हुने कृषि सामग्रीहरुको निम्न क्षेत्रमा कारोवार गर्न इच्छुक भएको हुंदा निम्न विवरण खुलाई निवेदन गर्न आएको छु/आएका छौं । विक्रेता मुकरर भएमा कम्पनीको विक्रेता व्यवस्था कार्यविधिको अधिनमा रही कंम्पनीको निर्देशनको पालना गर्नेछु/छौं ।

विवरण

१. आवेदकको नाम :

२. पुरा ठेगाना :

३. विक्री कक्ष रहने स्थान : ………………………गा.वि.सं./नगर पालिका, वडा नं. ……

४. गोदाम रहने स्थान ………………………………गा.वि.सं./नगर पालिका, वडा नं. ……

संलग्न :

१. संघ, संस्था तथा फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी,

२. सम्बन्धित संघ संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपी

३. जिल्ला कृषि विकास कार्यालयवाट रासायनिक मल विक्रेताको सूचीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

४. स्थाई लेखा नम्वरको प्रमाण पत्रको प्रतिलिपी ।

आवेदक

दस्तखत
नाम :
मिति :

**अनुसूची २**
**(दफा ७.१ संग सम्वन्धित)**

दुई फुट लामो र सवा एक फुट चौडा चार कुने साईनवोर्डमा हरियो भूमीमा सेतो नेपाली अक्षरले विक्रेताको नाम, ठेगाना र कृषि सामग्री कम्पनीको विक्रेता भनि विक्रेता प्रमाणपत्र नं. समेत उल्लेख गर्नु पर्नेछ ।

साईनवोर्डको नमूना

| |
|---|
| कृषि सामग्री कंम्पनीको विक्रेता<br>वि.प्र.प.नं.७.४/व्य/०६८/०६९<br><br>विक्रेताको नाम :<br><br>ठेगाना |

**अनुसूची ३**
**(दफा ७.६ संग सम्वन्धित)**
**विक्री विलको नमूना**

विक्रेताको नाम
(कृषि सामग्री कम्पनी लिमिटेडको विक्रेता)
विक्रेताको ठेगाना
विक्रेता प्रमाणपत्र नं.

विल नं. मिति :
क्रेताको नाम :
ठेगाना :

| क.सं. | कृषि सामग्रीको नाम | परिमाण | विक्री दर | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | जम्मा : | |

अक्षरेपी रुपैयां ............................
ग्राहकको सही : विक्रेताको सही :

**अनुसूची ४**
**(दफा ७.७ संग सम्वन्धित)**
**स्टक खाताको नमूना**

कृषि सामग्रीको नाम ............................................................ आ.व .............महिना.....

| मिति | विवरण | आम्दानी | | खर्च | | वाकी परिमाण |
|---|---|---|---|---|---|---|
| | | परिमाण | रकम | परिमाण | रकम | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | जम्मा : | |

## अनुसूची-५

### (दफा ८.१ संग सम्वन्धित)
### विक्रेता प्रमाणपत्रको नमूना

**प्रमाण पत्र नं**
स्थाइ लेखा नं.
मिति :

कृषि सामग्री कम्पनी लिमिटेड
………… कार्यालय,…………
विक्रेता प्रमाणपत्र

………… जिल्ला ……… न.पा./गा.वि.स. वडा नं. ……………….स्थित रहेको श्री ……. …………………………………लाई यस कम्पनीवाट विक्री वितरण हुने कृषि सामग्री निम्न क्षेत्रमा कारोवार गर्न “कृषि सामग्री कम्पनी लिमिटेड विक्रेता व्यवस्था कार्यविधि - २०६९” वमोजिम विक्रेता प्रमाण पत्र प्रदान गरिएको छ ।

विक्रेताले कारोवार गर्ने क्षेत्र :

१. ………………………
२. ……………………… कार्यालयको छाप

( )
प्रवन्धक

**नविकरणः**

| क.सं. | नविकरण मिति | कायम रहने अवधि | नगदी रसिद नंम्वर | कम्पनीको छाप र दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |

## अनुसूची ६
(दफा ५ र अनुसूची ५ संग सम्वन्धित)

| “क” वर्गका जिल्लाहरु | “ख” वर्गका जिल्लाहरु | “ग” वर्गका जिल्लाहरु |
|---|---|---|
| १.झापा | १.इलाम | १.रसुवा |
| २.मोरङ्ग | २.पांचथर | २ प्यूठान |
| ३.सुनसरी | ३.धनकुटा | ३.डडेल्धुरा |
| ४.सप्तरी | ४.उदयपुर | ४.वैतडी |
| ५.सिरहा | ५.सिन्धुपाल्चोक | ५. डोटी |
| ६.धनुषा | ६.दोलखा | |
| ७.महोत्तरी | ७.सिन्धुली | |
| ८.सर्लाही | ८.धादिङ्ग | |
| ९.रौतहट | ९ तनहुं | |
| १०.वारा | १०.लमजुंङ्ग | |
| ११.पर्सा | ११.पाल्पा | |
| १२.मकवानपुर | १२.स्याङ्जा | |
| १३.काभ्रे | १३.कास्की | |
| १४.काठमाडौं | १४.पर्वत | |
| १५.ललितपुर | १५अर्घाखांची | |
| १६.भक्तपुर | १६.गुल्मी | |
| १७.नुवाकोट | १७.बाग्लुङ्ग | |
| १८.चितवन | १८.सर्खेत | |
| १९.नवलपरासी | | |
| २०.रुपन्देही | | |
| २१.कपिलवस्तु | | |
| २२.दाङ | | |
| २३.बांके | | |
| २४.वर्दिया | | |
| २५.कैलाली | | |
| २६.कञ्चनपुर | | |

नोटः उल्लेखित अनुसूचीमा आवश्यकता अनुसार कृषि सामग्री कंम्पनी लिमिटेड, प्रधान कार्यालयले थपघट गर्न सक्ने छ ।

**अनुसूची ७**
**(दफा १६.१ संग सम्वन्धित)**
**विक्रेताले गर्ने कवुलियतनामा**

.......अंचल..........जिल्ला........................ न.पा./गा.वि.स. वडा नं............. स्थित रहेको श्री ................. ....................................... ले कृषि सामग्री कम्पनी लिमिटेडको विक्रेता वनी संस्थानवाट उपलव्ध हुने कृषि सामग्री वेच विखन गर्न इच्छुक भएकोले कम्पनीको ........... कार्यालय............. मा वसी तपसिलका शर्तहरु पालना गर्नेछु र कम्पनीवाट उपलव्ध हुने कृषि सामग्री वेच विखनमा कम्पनीको "विक्रेता व्यवस्था कार्यविधि २०६९" ले दिएको निर्देशन वमोजिम कार्य गर्नेछु भनी यो कवुलियतनामा गरि दिएं/दियौं ।
इति सम्वत .......साल .......... महिना ...... गते ...........रोज ......... शुभम्.........

तपसील

१. कंम्पनीवाट विक्री वितरणको लागि प्राप्त हुने कृषि सामग्री सर्वसुलभ ढंगले कृषक हरुको माग वमोजिमको परिमाणमा विक्री वितरण गर्नेछु/छौ ।

२. कृषि सामग्रीहरु वेच विखन गर्ने स्थानमा कम्पनीले निर्धारण गरेको ढांचामा सवैले देख्ने गरी साइनवोर्ड राख्नेछु/छौं ।

३. कृषि सामग्रीहरु वेच विखन गर्ने स्थानमा कम्पनीवाट प्राप्त विक्रेता प्रमाणपत्र सवैले देख्ने गरी राख्नेछु/छौं ।

४. कम्पनी वाट खरिद गरिएको कृषि सामग्रीहरुको गुणस्तर तथा तौल कायम रहने गरी भण्डारण राख्ने छु / छौ ।

५. कम्पनी वाट उपलव्ध हुने कृषि सामग्रीहरुमा सम्वन्धित नगरपालिका/गा.वि.स.एवं "मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति"ले निर्धारण गरे अनुसारको ढुवानी खर्च र अन्य लागत खर्च जोडी विक्री मूल्य निर्धारण गरी गराई सवैले देख्ने गरी मूल्य सूची टाँसी निर्धारित विक्री मूल्यमा तथा निर्धारित क्षेत्रमा पुर्‍याई विक्री वितरण गर्ने छु/छौं ।

६. कृषि सामग्रीहरु वेच विखन गर्दा विल काटेर मात्र वेच विखन गर्नेछु/छौं ।

७. कम्पनीवाट उपलव्ध हुने कृषि सामग्रीहरु कम्पनीको "विक्रेता व्यवस्था कार्यविधि २०६९" को अनुसूची ४ वमोजिमको ढांचामा स्टक खाता तयार गरी आम्दानी खर्चको हिसाव राख्नेछु/छौ ।

८. विक्रेताले कम्पनी तथा "मल आपुर्ति तथा वितरण व्यवस्थापन समिति" वाट समय समयमा निरिक्षण गर्न आउने अधिकारीहरुलाई आफ्नो भण्डारण कक्ष, विक्री कक्ष तथा सम्वन्धित खातापाताहरु विना अवरोध निरिक्षण गर्न दिनेछु/छौं ।

९ कम्पनीले समय समयमा उपलब्ध गराउने तालिम कार्यक्रममा अनिवार्य रुपमा भाग लिनेछु/छौं ।

१० कम्पनीले मांग गरे वमोजिमको ढांचामा कृषि सामग्रीहरुको विक्री विवरण आवश्यकता अनुसार जुनसुकैसमयमा उपलव्ध गराउनेछु/छौं ।

११ कम्पनीले जारी गरेको "विक्रेता व्यवस्था कार्यविधि २०६९" को अधिनमा रही कृषि सामग्रीहरु खरिद विक्री गर्नेछु/छौं ।

१२ कम्पनीको "विक्रेता व्यवस्था कार्यविधि २०६९" तथा यस कवुलियतनामा र नेपालको ऐन कानून विपरीत कुनै कार्य गर्ने छैन/छैनौं ।

| | |
|---|---|
| साक्षीको : | विक्रेताको : |
| सही : | सही : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |